अमेरिकी लोकतन्त्रमा नेपालीको बढ्दो उपस्थिति

खगेन्द्र कार्की

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY



purbasandesh.com

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

CASH BACK OFFER
RS. 100 -5000
9842645136

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

वर्ष-२१ | अंक - २७२ | २०८३ कात्तिक १३ गते शुक्रबार | Friday, 30 Oct. 2026 | मूल्य ७ /-

कम्युनिष्ट सहकार्यको अनर्थक बहस

विमल लामिछाने

दमक/ नेपालको समसामयिक राजनीतिमा फेरि एकपटक वामपन्थी ध्रुवहरूको अन्तरसम्बन्धलाई लिएर नयाँ बहस र चर्चा परिचर्चाले तीव्रता पाएको छ । नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बीचको सहकार्य र सम्भावित दूरीका विषयले राजनीतिक वृत्त तातेको भए पनि दुवै दलका शीर्ष नेताहरूको अभिव्यक्तिले तत्काल पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारेको छ ।

यद्यपि, राष्ट्रिय मुद्दा, प्रदेश सत्ता समीकरण र आसन्न स्थानीय निर्वाचनलाई ध्यानमा राख्दै चुनावी सहकार्य वा कार्यगत एकताको ढोका भने खुला राखिएको भनिएको छ । विगतको तितो अनुभव, सैद्धान्तिक तथा वैचारिक भिन्नता र शक्ति सन्तुलनको बदलिँदो परिदृश्यले मुख्यतया यी दुई दललाई सांगठनिक एकताको मार्गमाभन्दा पनि रणनीतिक सहकार्यको सिमित घेराभित्र उभ्याएको छ ।

राजनीतिक परिदृश्यमा आएको यो फेरबदल अचानक भने भएको होइन । केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा उत्पन्न जेनजी आन्दोलन, त्यसले निम्त्याएको मानवीय तथा भौतिक क्षति र प्रशासनिक संरचनामाथिको दबाबले मुलुकको राजनीतिक कोर्स नै बदलिदियो । यसैको परिणामस्वरूप प्रतिनिधिसभाको कार्यकाल पूरा नहुँदै भएको निर्वाचनमा एमाले र तत्कालीन माओवादीबाट बनेको नेकपाले

समाचार विश्लेषण

आफ्नो साविकको साख र राजनीतिक शक्ति जोगाउन सकेनन् ।

फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा एमाले २५ र नेकपा १७ सिटमा खुम्चिन पुगे । जेनजी आन्दोलनअघि संसदमा निर्णायक र बलिया मानिएका यी वामपन्थी शक्तिहरूको सिट संख्या घटेसँगै उनीहरूको राजनीतिक पुनर्गठन र अस्तित्वको रक्षा गर्ने गम्भीर दबाब सिर्जना भयो । यही शक्ति क्षयीकरणको राजनीतिक संकटबाट पार पाउन र अस्तित्व जोगाउन उनीहरुबीच अनौपचारिक संवाद र सहकार्यको खाँचो महसुस भएको हुनसक्ने आँकलन राजनीतिक वृत्तमा छ ।

नेपाली कांग्रेससँगको सत्ता समीकरणमा देखिएको खटपट र प्रदेश सरकार गठनका क्रममा देखिएको संकटले ओली र प्रचण्डलाई एकै ठाउँमा उभिन बाध्य तुल्यायो । त्यसैको व्यावहारिक रूप ५ वटा प्रदेश सरकारमा देखिएको एमाले-नेकपा सत्ता साझेदारी हो । प्रदेश स्तरमा भएको यो सहकार्यले संघीय राजनीतिमा समेत कार्यगत एकताको सम्भावना बढाएको छ ।

यसैवीच नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी जागरण अभियानको क्रममा राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक अधिकार र देशको हितका लागि जोसँग पनि सहकार्य गर्न तयार रहेको बताए पनि यसलाई पार्टी एकतासँग जोड्न नहुने स्पष्ट पारेका छन् । उनले एमालेमाथि भ्रष्टाचार संरक्षण गरेको गम्भीर आरोप लगाउँदै एकताका लागि इतिहास, पृष्ठभूमि र वैचारिक भिन्नतामाथि गम्भीर समीक्षा आवश्यक रहेको औँल्याएका छन् । अर्कोतर्फ, एमाले उपाध्यक्ष रघुजी पन्तले पनि पार्टी एकताको सम्भावना पूर्ण रूपमा खारेज गर्दै एमालेको नेतृत्वमा बृहत् वामपन्थी सहकार्य मात्र सम्भव रहेको धारणा व्यक्त गरेका छन् ।

यी तमाम अभिव्यक्तिले दुई दलबीचको अन्तरसम्बन्धमा गहिरो अविश्वास र संशय अझै कायम रहेको प्रष्ट्याउँछ । २०७४ को निर्वाचनपछि अत्यधिक बहुमत प्राप्त गरी बनेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को आन्तरिक कलह, शीर्ष नेतृत्वको अहंकार, शक्ति बाँडफाँटका विवाद र अन्ततः सर्वोच्च अदालतको फैसलाबाट पार्टीहरु पुरानै अवस्थामा फर्किनुपरेको पीडादायी इतिहास कसैबाट लुकेको छैन ।

हतारमा गरिएको त्यो एकताले कम्युनिस्ट आन्दोलनलाई जुन गम्भीर क्षति पुऱ्यायो, त्यसैको पुनरावृत्ति होस् भन्ने पक्षमा अहिलेका कुनै पनि तहका नेताहरु छैनन् । एमालेले 'जनताको

बाँकी ४ पेजमा ▸▸

झापा जिल्ला प्रशासनको सुरक्षा कार्ययोजना

दमक/ झापामा मानव-हात्ती द्वन्द्वका घटना बढ्दै गएपछि त्यसबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि जिल्ला प्रशासनले सुरक्षा कार्ययोजनाको पुनरावलोकन सुरू गरेको छ ।

यही कात्तिक ३ गते जंगली हात्तीको आक्रमणबाट बाह्रदशी गाउँपालिका-२ जनता चोककी ७० वर्षीया लजुमा खातुनको मृत्यु भएपछि प्रशासनले कार्ययोजनाको प्रभावकारिता समीक्षा गर्न थालेको हो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको अग्रसरतामा बुधबार जिल्ला प्रशासन कार्यालयमा भएको सरोकारवाला निकायका पदाधिकारीबिचको छलफलमा हालसम्मका प्रयास, तिनको प्रभावकारिता र आगामी रणनीतिबारे समीक्षा गरिएको हो । छलफलमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, नेपाल रेडक्रस सोसाइटी झापाका प्रतिनिधि तथा डिभिजन वन कार्यालयका अधिकृतको सहभागिता थियो । डिभिजन वन कार्यालयका तर्फबाट वन अधिकृत हिमाल पाठकले जिल्लामा मानव-हात्ती द्वन्द्वको पछिल्लो अवस्था र न्यूनीकरणका लागि भइरहेका प्रयासबारे जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारी पोखरेलले मानव र वन्यजन्तु दुवैको अस्तित्व संरक्षण गर्दै मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सावधानीका उपायलाई प्रभावकारी बनाउनुपर्ने बताए । उनले हालको कार्ययोजना र सरोकारवाला निकायको भूमिकाको समीक्षा गरी प्राप्त सुझावका आधारमा रणनीति परिमार्जन गरिने जानकारी गराएका छन् ।

पहिलो चरणमा सरकारी निकाय र सुरक्षा संयन्त्रसँग समीक्षा गरिएको छ । दोस्रो चरणमा स्थानीय तह, जनप्रतिनिधि, सामुदायिक वन

बाँकी ४ पेजमा ▸▸

मेची करिडोरको ठेक्का रद्ध

__दमक/__ मेची करिडोर (केचना-कञ्चनजंघा सडक) अन्तर्गत बेलासे-गोलाखर्क भञ्ज्याङको ९.५ किलोमिटर सडक स्तरोन्नति गर्ने ठेक्का सम्झौता रद्ध गरिएको छ । पूर्वाधार विकास मन्त्रालयका अनुसार २७ करोड २२ लाख लागतको सो आयोजना २०८० पुस २९ गतेभित्र सम्पन्न हुनुपर्नेमा पटकपटक म्याद थप गर्दा पनि ४७ प्रतिशत मात्र भौतिक प्रगति भएको थियो । पछिल्लो सात महिनामा तीन प्रतिशतभन्दा कम प्रगति भएपछि पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सडक डिभिजनबाट ठेक्का सम्झौता रद्द गरेको हो । इलामस्थित सडक डिभिजन कार्यालयले आर्थिक वर्ष २०८१/८२ देखि हालसम्म १२ वटा ठेक्का सम्झौता अन्त्य

बाँकी ४ पेजमा ▸▸

लागुऔषध बरामद, तीन जना पक्राउ

सुनसरी/ सुनसरीको इटहरी उपमहानगरपालिका ८ गैसारस्थित (डेरा) कोठाबाट प्रहरीले ठुलो परिमाणमा लागुऔषध बरामद गरेको छ ।

लागुऔषध कारोबार भइरहेको सूचनाका आधारमा प्रहरीले खानतलासी गर्दा पाँच हजार २७० क्याप्सुल ट्रामोल र पाँच हजार ५१० ट्याब्लेट डाइसाइक्लोमिन बरामद गरेको हो ।

इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले बुधबार राति ९ बजे इटहरी-८ गैसारस्थित अभिषेक चौधरीको कोठामा

बाँकी ४ पेजमा ▸▸

कोशीमा विकास खर्च: तीन महिनामा ५ प्रतिशत

दमक/ कोशी प्रदेश सरकारको लेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको असोज मसान्तसम्मको खर्च तथा राजस्व विवरण अनुसार प्रदेश सरकारले यस अवधिमा कुल बजेटको जम्मा ९ दशमलव ७४ प्रतिशतमात्र खर्च गर्न सकेको छ ।

विशेषगरी विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पुँजीगत बजेटको खर्च अत्यन्तै निराशाजनक रहँदा पहिलो तीन महिनामा १ प्रतिशत पनि विकास बजेट खर्च हुन नसकेको तथ्यांकले देखाएको छ ।

चालु आर्थिक वर्षका लागि कोशी प्रदेश सरकारले कुल ४० अर्ब ४४ करोड ९८ लाख रूपैयाँ बराबरको बजेट विनियोजन गरेको थियो, जसमा चालुतर्फ १९ अर्ब ५३ करोड ९९ लाख २७ हजार रूपैयाँ, पुँजीगततर्फ २० अर्ब ७५ करोड ९८ लाख ७३ हजार

बाँकी ४ पेजमा ▸▸

दुर्घटनामा साइकल चालकको मृत्यु

दमक/दमकमा बसको ठक्करबाट एकजना मोटर साइकल चालकको मृत्यु भएको छ । बुधबार साँझ ४;४५ बजे दमक नगर पालिका वडा नं ५ बजाज शोरूम अगाडी पूर्वपश्चिम राजमार्गमा लेटाङबाट दमकतर्फ आउँदै गरेको प्र १-०२-०५३ प ७४३९ नम्बरको १५० सीसीको मोटरसाइकललाई प्र १-०१-००१ ख ४२९२ नम्बरको यात्रुबाहक बसले ठक्कर दिएको थियो । दुर्घटनामा मोटर साइकल चालक पाँचथर मेमेङ गाउँपालिका ९ घर भई हाल मोरङ लेटाङ ८ बस्ने वर्ष अन्दाजी ५४ का मंगलप्रसाद साउदेन घाइते भएका थिए ।

जिल्ला हुलाक कार्यालय, झापाको

दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८३।०७।१३)

१. यस कार्यालय र मातहतका पालिका हुलाक कार्यालयहरुमा रिक्त रहेका ४ जना हल्कारा र २ जना हुलाकी पदहरुको सेवा करार गर्नुपर्ने भएको हुँदा न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८३।०७।१३ गतेवाट मिति २०८३।०८।०३ गते कार्यालय समयभित्र यस कार्यालयमा स्वयं उपस्थित भई दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

२. विज्ञापनसँग सम्बन्धित अन्य सवै जानकारी यस कार्यालयको वेबसाइट https://jhapa.nepalpost.gov.np र जिल्ला हुलाक कार्यालय झापाको आधिकारिक फेसवुक पेजमा समेत प्रकाशित गरिएको छ ।

हुलाक अधिकृत

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

बोलपत्र/दरभाउपत्र स्वीकृत हुने आशयको सूचना

प्रकाशित मिति: २०८३/०७/१३

यस कार्यालयद्वारा विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र/दरभाउपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायका बोलपत्रहरु औषत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभूत रुपमा बढी नभएको तथा दरभाउपत्रहरु न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा देहायका बोलपत्र / दरभाउपत्रहरु स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र सं	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम भ्याट सहित रु	कै.
1	DMO/JHAPA/NCB/ROAD/08/083-84	Construction of Blacktop Road near Ambadi Ground, Damak 10	Fine Build Construction Pvt. Ltd., Haldibari, Jhapa	32,28,031.40	
2	DMO/JHAPA/NCB/ROAD/12/083-84	Upgradation of Khude Marga, Damak 1	Big B Consult and Builders Pvt. Ltd., Sunsari	31,16,034.36	
3	DMO/JHAPA/NCB/ROAD/13/083-84	Blacktop Road Repair Works (Overlay), Damak 6	Bisar GMW Construction Pvt. Ltd., Damak, Jhapa	34,93,463.75	
4	DMO/JHAPA/NCB/ROAD/RBN/18/083-84	Various Road Maintenance of Black Top Works, Damak 1-10	RT Pathivara Nirman Sewa Pvt. Ltd., Kankai, Jhapa	1,32,84,485.04	
5	DMO/JHAPA/SQ/ROAD/21/083-84	Upgradation of New Pathivara Marga on Manakamana Tol, Damak 5	Pratyagra Builders, Terhathum	8,00,994.35	
6	DMO/JHAPA/SQ/ROAD/22/083-84	Upgradation of Road at Sabal Tol South and in Front of Ambar Basnet House, Damak 1	Jaya Balaji Nirman Sewa, Damak, Jhapa	6,69,932.14	

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं

झापा जिल्लामा तिहार नजिकिँदै गर्दा एकातिर किसानहरुलाई फूल टिप्ने, माला उन्ने र भण्डारण गर्ने चटारो छ भने अर्कोतिर आफ्नो पसिना र लगानीले बजार नपाउने हो कि भन्ने गम्भीर चिन्ताले सताएको छ । हालै झापाका व्यावसायिक फूल किसानहरुले प्रमुख जिल्ला अधिकारीमार्फत सरकारको ध्यानाकर्षण गराउँदै भारतबाट हुने फूलको आयातमा रोक लगाउन र स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिन माग गरेका छन् । यो माग केवल केही किसानहरुको मात्र गुनासो होइन, यो त स्वदेशी कृषि उपजको संरक्षण, आत्मनिर्भर अर्थतन्त्र र श्रमको सम्मानसँग जोडिएको एक गम्भीर राष्ट्रिय मुद्दा हो ।

झापाको दमक, बिर्तामोड, मेचीनगर, भद्रपुर, शिवसताक्षी र अर्जुनधारा लगायतका क्षेत्रमा १५ देखि २० हेक्टर (१६ बिघाभन्दा बढी) जमिनमा सयपत्री फूलको व्यावसायिक खेती हुँदै आएको छ । लाखौँको लगानी, कठोर परिश्रम र अनवरत समय खर्चिएर गरिएको यो खेतीले जिल्लामा रोजगारी र आयआर्जनको नयाँ ढोका खोलेको छ। विडम्बनाको कुरा, वर्षभरि गरिएको मिहिनेतले बजार पाउने मुख्य सिजन (विशेषगरी तिहारको बेला) मा भारतबाट निर्बाध रुपमा आयात हुने सस्ता र गुणस्तरहीन मालाहरुका कारण स्थानीय किसानहरु मारमा पर्ने गरेका छन् । आयातित फूलको भिडमा स्वदेशी उत्पादनले उचित मूल्य र बजार नपाउँदा बोटमै कुहिने वा कौडीको भाउमा बेच्नुपर्ने अवस्था सिर्जना हुनु अत्यन्तै दुःखद पक्ष हो ।

मौसमको प्रतिकूलता अर्को ठूलो चुनौती बनेर उभिएको छ । वर्षाका कारण फूल बिग्रिने, कालो हुने र गुणस्तरमा ह्रास आउने जोखिम रहेकाले किसानहरुले बाध्य भएर फूल टिपी उपलब्ध कोल्डस्टोरहरुमा भण्डारण गर्न थालेका छन् । तर, झापामा फूलै राख्ने विशेष प्रकृतिको अलग्गै कोल्डस्टोरको अभावमा किसानहरु सामान्य भण्डारण स्थलमा निर्भर हुन बाध्य छन्। यस किसिमको संरचनागत अभाव र सीमा क्षेत्रबाट हुने अनधिकृत आयातले किसानहरुलाई निरूत्साहित तुल्याएको छ ।

देशलाई कृषिमा आत्मनिर्भर बनाउने ठुलठूला भाषण र योजनाहरु भइरहँदा आफ्नै देशको माटोमा फलेका फूलहरुले बजार नपाएर सडकमा फाल्नुपर्ने वा नष्ट गर्नुपर्ने अवस्था आउनु राज्यका लागि समेत लज्जाको विषय हो। जब जिल्लामै स्थानीय माग धान्न सक्ने गरी सयपत्री फूल उत्पादन भइरहेको छ, तब विदेशबाट फूल आयात गर्नुको कुनै औचित्य छैन ।

तसर्थ, समयमै यस समस्याप्रति राज्य गम्भीर बन्नै पर्छ। पहिलो कुरा, सीमानाकाहरुमा हुने अनधिकृत आयातलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ । दोस्रो, स्थानीय प्रशासनले बजार अनुगमनलाई प्रभावकारी बनाउँदै सरकारी कार्यालय, विद्यालय, होटल तथा संघसंस्थाहरुमा अनिवार्य रुपमा स्वदेशी फूल प्रयोग गर्ने नीतिगत व्यवस्था मिलाउनुपर्छ । साथै, किसानहरुको लगानी सुरक्षाका लागि फूल भण्डारण गर्न विशेष कोल्डस्टोर निर्माणको दीर्घकालीन योजना ल्याउनु आजको मुख्य आवश्यकता हो ।

परदेशी मालालाई होइन, आफ्नै माटोमा खटिएका किसानको पसिनालाई सम्मान गरौँ । समयमै नीतिगत हस्तक्षेप गरेर 'आयातित माला रोकौँ, स्वदेशी फूललाई प्राथमिकता दिऔँ' भन्ने अभियानलाई व्यावहारिक रुप दिइनुपर्छ ।

अमेरिकी लोकतन्त्रमा नेपालीको बढ्दो उपस्थिति

निर्वाचनको सफलता कसले जित्यो भन्ने परिणाममा मात्र सीमित हुँदैन । निर्वाचित नेतृत्वले जनताको जीवनमा कस्तो परिवर्तन ल्यायो, फरक समुदायलाई कति समेट्यो र लोकतान्त्रिक संस्थाप्रति नागरिकको विश्वास कति बलियो बनायो भन्ने कुराले त्यसको वास्तविक अर्थ निर्धारण गर्छ । अमेरिकी राजनीतिमा नेपाली मूलका उम्मेदवारहरूको सहभागिता यही लोकतान्त्रिक यात्राको एउटा महत्वपूर्ण अध्याय हो ।

खगेन्द्र कार्की

विश्व राजनीतिदेखि जनजीवनसम्म प्रभाव पार्ने अमेरिकी निर्वाचनले लोकतन्त्र, अर्थतन्त्र र अन्तर्राष्ट्रिय सम्बन्धको दिशा परीक्षण गर्दैछ । यसैबीच नेपाली मूलका उम्मेदवारहरूको सहभागिताले प्रवासी समुदायको राजनीतिक यात्रामा नयाँ सम्भावना देखाएको छ ।

अमेरिकामा आगामी नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचन केवल एउटा देशको राजनीतिक प्रतिस्पर्धा होइन । विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय व्यापार, सुरक्षा र कूटनीतिक सम्बन्धमा अमेरिकाको प्रभावका कारण यस निर्वाचनप्रति विश्वभर चासो बढेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालको बीचमा हुन लागेको निर्वाचनले आगामी दुई वर्ष अमेरिकी सरकारको नीति निर्माण र राजनीतिक शक्ति सन्तुलन कस्तो हुनेछ भन्ने स□त दिनेछ ।

अमेरिकाले लिने व्यापार नीति, लगानीसम्बन्धी निर्णय र अन्तर्राष्ट्रिय सुरक्षा रणनीतिले अन्य देशको अर्थतन्त्रलाई समेत प्रभावित गर्छ । अमेरिकी कर नीतिमा परिवर्तन हुँदा विश्वव्यापी आपूर्ति शृत्ला र वस्तुको मूल्यमा असर पर्न सक्छ । वैदेशिक सहायता, सैन्य साझेदारी र कूटनीतिक प्राथमिकतामा आउने परिवर्तनले विभिन्न देशसँगको सम्बन्धमा नयाँ परिस्थिति सिर्जना गर्न सक्छ । त्यसैले अमेरिकी निर्वाचनलाई अमेरिकाको आन्तरिक राजनीतिक घटनाका रूपमा मात्र सीमित गरेर हेर्न सकिँदैन ।

यसपटकको निर्वाचनमा आर्थिक अवस्था, महँगी, रोजगारी, स्वास्थ्य सेवा र आप्रवासन प्रमुख बहसका विषय बनेका छन् । नागरिकले आफ्नो दैनिक जीवनमा कस्तो परिवर्तन अनुभव गरे, परिवारको खर्च धान्न कति कठिन भइरहेको छ र रोजगारीका अवसर कस्ता छन् भन्ने प्रश्नले राजनीतिक नेतृत्वको मूल्यांकन निर्धारण गर्छ । लोकतन्त्रमा निर्वाचनको वास्तविक अर्थ पनि यही हो(जनताको अपेक्षा पूरा गर्न नसक्ने नेतृत्वलाई प्रश्न गर्ने र नयाँ नीतिका लागि दबाब सिर्जना गर्ने अवसर ।

अमेरिकी मध्यावधि निर्वाचनको अर्को महत्त्वपूर्ण पक्ष राष्ट्रपति र संसद्बीचको शक्ति सन्तुलन हो । प्रतिनिधिसभा र सिनेटमा बहुमतको समीकरण परिवर्तन भएमा बजेट, कानुन निर्माण, सरकारी नियुक्ति र प्रशासनको निगरानीमा नयाँ परिस्थिति उत्पन्न हुन सक्छ । संसद्मा फरक राजनीतिक दलको प्रभाव बढ्दा राष्ट्रपतिको नीतिगत प्राथमिकता कार्यान्वयन गर्न चुनौती थपिन सक्छ । यद्यपि निर्वाचन परिणामले सबै नीतिमा तत्काल परिवर्तन ल्याउँछ भन्ने हुँदैन । विद्यमान कानुन, संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय परिस्थितिले पनि निर्णय प्रक्रियालाई प्रभावित गर्छन् ।

विश्व राजनीतिमा प्रभाव पार्ने यही निर्वाचन नेपाली समुदायका लागि पनि विशेष अर्थ राख्छ । यसपटक विभिन्न राज्यबाट नेपाली मूलका पाँच उम्मेदवार स्थानीय तथा राज्यस्तरीय राजनीतिमा प्रतिस्पर्धा गर्दैछन् । मेरिल्यान्डबाट ह्यारी भण्डारी र सतीश चापागाईं, न्युयोर्कबाट सरहाना श्रेष्ठ तथा न्यु ह्याम्पसायरबाट विश्वबहादुर शाह र रिकी गुरूङ चुनावी मैदानमा छन् । उनीहरु फरक निर्वाचन क्षेत्रबाट आआफ्नो जिम्मेवारीका लागि प्रतिस्पर्धा गरिरहेका छन् ।

यी उम्मेदवारको सहभागितालाई व्यक्तिगत राजनीतिक महत्त्वाका□षाका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यो आप्रवासी समुदायको नागरिक सहभागिता, सार्वजनिक निर्णय प्रक्रियामा प्रतिनिधित्व र सामाजिक पहिचान विस्तारको संकेत पनि हो । अमेरिकामा नेपाली मूलका नागरिकले शिक्षा, व्यवसाय, स्वास्थ्य, पत्रकारिता र विभिन्न पेसामा आफ्नो स्थान बनाउँदै आएका छन् । अब राज्यको नीति निर्माण र निर्वाचित प्रतिनिधित्वमा समेत उनीहरूको उपस्थिति विस्तार हुँदै गएको छ ।

मेरिल्यान्डका ह्यारी भण्डारी सन् २०१९ देखि राज्य प्रतिनिधिका रूपमा निर्वाचित हुँदै आएका छन् । उनी तेस्रो कार्यकालका लागि प्रतिस्पर्धा गर्दैछन् । शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, ज्येष्ठ नागरिकको सुरक्षा, सर्वसुलभ आवास र समावेशी विकास उनका प्रमुख प्राथमिकता हुन् । अमेरिकी राजनीतिमा उनको निरन्तरताले नेपाली मूलका नागरिकको प्रतिनिधित्वलाई थप परिचित बनाएको छ ।

त्यस्तै, मेरिल्यान्डकै डिस्ट्रिक्ट ७ ए बाट सतीश चापागाईं पहिलोपटक राज्य प्रतिनिधि पदमा प्रतिस्पर्धा गर्दैछन् । पत्रकारिता, व्यवसाय र सामाजिक गतिविधिमा संलग्न चापागाईंले विद्यालयमा लगानी, सडक पूर्वाधार, जीवनयापनको लागत र साना व्यवसायीका समस्यालाई प्राथमिकतामा राखेका छन् । सार्वजनिक सेवा राजनीतिक दलको प्रतिस्पर्धाभन्दा समुदायका आवश्यकतामा केन्द्रित हुनुपर्ने उनको धारणा छ ।

न्युयोर्कको मिड–हडसन भ्यालीबाट सरहाना श्रेष्ठ तेस्रो कार्यकालका लागि एसेम्बली सदस्य पदमा प्रतिस्पर्धा गर्दै छिन् । जलवायु परिवर्तन न्यूनीकरण, सस्तो आवास, स्वास्थ्य सेवा, सार्वजनिक शिक्षा र पूर्वाधारमा लगानी उनका प्रमुख एजेन्डा हुन् । वातावरणीय मुद्दालाई स्थानीय नागरिकको जीवनस्तरसँग जोडेर हेर्नु उनको राजनीतिक अभियानको महत्त्वपूर्ण पक्ष हो ।

न्यु ह्याम्पसायरबाट विश्वबहादुर शाह र रिकी गुरूङ राज्य प्रतिनिधि पदका उम्मेदवार हुन् । नेपाली सेनामा १५ वर्ष सेवा गरेपछि सन् २००२ मा अमेरिका पुगेका शाहले ट्याक्सी चालक, बीमा तथा घरजग्गा व्यवसाय र पत्रकारितामा काम गरेका छन् । शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र साना व्यवसायीका समस्या उनका प्राथमिकतामा छन् । रिकी गुरूङको उम्मेदवारीले नेपाली मूलका नयाँ पुस्ताको राजनीतिक सहभागितालाई पनि उजागर गर्छ ।

यी उम्मेदवारका एजेन्डामा स्थानीय जनजीवनका समस्या प्रमुख रूपमा देखिन्छन् । विद्यालयको गुणस्तर, स्वास्थ्य सेवामा पहुँच, आवासको लागत, ज्येष्ठ नागरिकको सुरक्षा र साना व्यवसायको संरक्षण अमेरिकामा बसोबास गर्ने नेपाली समुदायका लागि मात्र होइन, सबै नागरिकका साझा सरोकार हुन् । त्यसैले उनीहरूको राजनीतिक भविष्य समुदायको पहिचानसँगै सार्वजनिक मुद्दा समाधान गर्ने क्षमतासँग जोडिएको छ ।

अमेरिकामा नेपाली मूलका उम्मेदवार चुनावी मैदानमा उत्रनु नेपालका लागि पनि विचारणीय विषय हो । विदेशमा बसोबास गर्ने नागरिकले नयाँ समाजमा आफ्नो स्थान निर्माण गर्दै त्यहाँको लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन सक्छन् । मतदान, सार्वजनिक बहस र राजनीतिक नेतृत्वमा सहभागिताले नागरिक अधिकारको अभ्यासलाई बलियो बनाउँछ ।

तर उम्मेदवारको नेपाली मूल वा भाषिक पहिचान मात्रै राजनीतिक मूल्यांकनको आधार बन्नु हुँदैन । निर्वाचित प्रतिनिधिले सम्बन्धित क्षेत्रका सबै नागरिकको हितमा काम गर्नुपर्छ । उनीहरूका प्रतिबद्धता, सार्वजनिक काम, पारदर्शिता र जवाफदेहिताका आधारमा मूल्यांकन हुनु आवश्यक छ । प्रतिनिधित्वको अर्थ समुदायको नाममा पद प्राप्त गर्नु मात्र होइन, समुदायसहित सम्पूर्ण नागरिकका समस्या समाधान गर्न जिम्मेवारी लिनु पनि हो ।

अमेरिकी निर्वाचनको विश्वव्यापी प्रभाव र नेपाली मूलका उम्मेदवारको सहभागितालाई जोडेर हेर्दा लोकतन्त्रको महत्वपूर्ण पक्ष स्पष्ट हुन्छ–राजनीतिक निर्णयको प्रभाव विश्वव्यापी हुन सक्छ, तर त्यसको आधार नागरिकको दैनिक जीवन र सहभागितामै हुन्छ । विश्वले अमेरिकी निर्वाचनलाई शक्ति सन्तुलन, अर्थतन्त्र र विदेश नीतिको दृष्टिले हेरिरहेको छ । नेपाली समुदायका लागि भने यो प्रतिनिधित्व, नागरिक सहभागिता र भावी पुस्ताको राजनीतिक यात्राबारे सोच्ने अवसर हो ।

अन्ततः निर्वाचनको सफलता कसले जित्यो भन्ने परिणाममा मात्र सीमित हुँदैन । निर्वाचित नेतृत्वले जनताको जीवनमा कस्तो परिवर्तन ल्यायो, फरक समुदायलाई कति समेट्यो र लोकतान्त्रिक संस्थाप्रति नागरिकको विश्वास कति बलियो बनायो भन्ने कुराले त्यसको वास्तविक अर्थ निर्धारण गर्छ । अमेरिकी राजनीतिमा नेपाली मूलका उम्मेदवारहरूको सहभागिता यही लोकतान्त्रिक यात्राको एउटा महत्वपूर्ण अध्याय हो ।

धर्म/संस्कृतिका कुरा

छोराछोरीलाई संस्कार कसरी सिकाउने ?

शिक्षा जहाँबाट लिदा पनि हुन्छ तर सस्कार र सस्कृति घरबाटै सिक्नुपर्छ नेपाली परिवारमा बच्चाहरूले सबैभन्दा पहिले सिक्ने ठाउँ घर नै हुन्छ । विद्यालयले ज्ञान र सीप दिन्छ, तर मर्यादा, सुसंस्कार, र परम्परा जस्ता व्यवहारिक गुणहरु घरको दैनिक व्यवहारबाट निस्कन्छन् । यहाँ घरबाट सस्कार र सस्कृति कसरी सिकाउने भन्ने व्यवहारिक सुझावहरु छन् ।

साजिलो सुरूवात - अभिभावकहरूको व्यवहार नमुना हुन्छन् । बच्चाले तपाईंको बोली, तरिका र प्रतिक्रिया सबै ध्यान दिएर अवलोकन गर्छ । शिष्टता र सम्मान देखाउनुस् र त्यो नै तिनीहरूको आधार बनिन्छ ।

- *नियमितता र दिनचर्याः समयमै खाने, नम्रता देखाउने, मान्छेलाई अभिवादन गर्ने जस्ता बानीहरु दैनिकीमा राख्नुस् ।*
- *स्पष्ट नियम र सीमाहरु- घरका नियमहरु सरल र स्पष्ट राख्नुस् ।*
- *के स्वीकार्य छ र के हुँदैन भन्ने बारेमा - नियमको निरन्तरता र कारण बताउनुस् ।*
- *जब बच्चाले बुझ्छ किन त्यो नियम छ, तब लागु गर्न सजिलो हुन्छ ।*
- *रिस्पेक्ट र संवाद - सानोतिनो कुरामा पनि 'कृपया', 'धन्यवाद', र 'माफ गर्नुहोस्' प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् ।*
- *सवाल सुन्न र जवाफ दिन समय निकाल्नुहोस्, संवादले आत्मविश्वास र सहिष्णुता बढाउँछ ।*

सामाजिक सञ्जाल

रविको निवासमा प्रधानमन्त्रीले बिताएका चार घण्टा

दमक/ आइतबार मध्यराति एयर इन्डियाको जहाजबाट काठमाडौं फर्केका रास्वपा सभापति रवि लामिछाने भेट्न प्रधानमन्त्री बालेन शाह बूढानीलकण्ठ पुगेका छन् । प्रधानमन्त्रीका मूख्य सल्लाहकार कुमार बेनसहित रवि निवास पुगेका प्रधानमन्त्री बालेनले बुधबार चार घण्टा त्यहाँ बिताए ।

प्रधानमन्त्री बालेन र सभापति लामिछानेबीच बुधबार बिहान सवा १० देखि दिउँसो सवा २ सम्म कुराकानी भएको थियो ।

केही महत्वपूर्ण नियुक्तिहरूबीच रवि लामिछाने र प्रधानमन्त्री बालेनबीच सहमति बन्न बाँकी रहेको बुझिएको छ । केहीले आइजिपी दानबहादुर कार्कीसँग सम्बन्धित विषयमा दुई नेताहरूबीच कुरा भएको संकेत गरेका छन् ।

तर प्रधानमन्त्री निकट उच्च स्रोतका अनुसार 'आइजिपीलाई जे गर्नु भन्ने जिम्मेवारी दिइएको छ, त्यो खुरूखुरू गरे भइहाल्छ । खासै समस्या हुँदैन । हामीले बाँकी डिटेलमा यस्तो गर्नु, उस्तो गर्नु भन्नैपर्दैन ।'

कार्कीसँग जोडिएको प्रहरी पोशाक लगायत विषयमा भोलि सिंहदरबारमा संसदीय उपसमितिको बैठक डाकिएको छ । रास्वपाले कुनै एक विषय देखाएर कार्कीलाई हटाउन दबाब दिन सक्ने बुझिएको छ । तर प्रहरी प्रमुख हट्ने अवस्था आयो भने सम्भावित प्रमुख को हुन सक्छन् भन्नेमा सभापति लामिछाने र प्रधानमन्त्री बालेनबीच एकमत नरहेको उच्च स्रोतको दाबी छ ।

केही महत्वपूर्ण नियुक्तिहरूबीच रवि लामिछाने र प्रधानमन्त्री बालेनबीच सहमति बन्न बाँकी रहेको बुझिएको छ । केहीले आइजिपी दानबहादुर कार्कीसँग सम्बन्धित विषयमा दुई नेताहरूबीच कुरा भएको संकेत गरेका छन् ।

रास्वपा सभापति लामिछानेको भारत भ्रमणबारे पनि भेटमा छलफल भएको थियो । लामिछानेले आफ्नो व्यक्तिगत प्रयोजनको भ्रमणमा भएका विषयहरूबारे पनि प्रधानमन्त्रीसँग सेयर गरेको बुझिएको छ । प्रधानमन्त्री बालेनले मंसिर पहिलो साता नयाँ दिल्ली भ्रमण गर्नेगरी तयारी तीव्र छ । सरकारका केही मन्त्री र रास्वपा नेताहरू पछिल्ला दिनमा शृंखलाबद्ध भारत यात्रामा छन् ।

दुई शीर्ष नेताहरूको भेटबारे औपचारिक जानकारी दिन भने दुवैतिरका निकटस्थ नेताहरूले अस्वीकार गरेका छन् । रवि र बालेनबीच करिब दुई महिनापछि यो भेट भएको हो ।

कोशीका उद्योगहरूको उत्पादन क्षमतामा सुधार

दमक/ कोशी प्रदेशका उद्योगहरूको उत्पादन क्षमतामा समान्य सुधार आएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा कोशीका उद्योगहरूको भारित औसत क्षमता उपयोग ४३.१ प्रतिशत पुगेको हो ।

अघिल्लो आव २०८१/८२ मा भने यस्तो क्षमता उपयोग ४१.८ प्रतिशत थियो । उत्पादित वस्तु अनुसार गत आव भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ११८ प्रतिशत पुगेको छ भने वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.५ प्रतिशत छ ।

नेपाल राष्ट्र बैंकको अध्ययन अनुसार गत आव कोशीमा रहेका उद्योगहरूको उत्पादनमध्ये भटमासको तेल ४५.३ प्रतिशत, वनस्पति घिउ ३०.५, तोरीको तेल ११.९, चामल २८.१, पशुदाना १५, चिनी १३.६, चाउचाउ १२.६, प्लास्टिक सामान १४.५ र घरेलु धातुका सामान उत्पादन २८७.८ प्रतिशत बढेको छ ।

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा कुल औद्योगिक कर्जा ८.२ प्रतिशत बढेको छ ।

गत आव बैंक तथा वित्तीय संस्थाले उद्योगहरूमा १ खर्ब ७३ अर्ब कायम भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ । प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा अंश २७.२ प्रतिशत हो ।

गत आव कोशीको आर्थिक वृद्धि (उपभोक्ता मूल्यमा) ३.१३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । अघिल्लो आव २.७२ प्रतिशत थियो । २०८२/८३ मा कोशीको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.४७, १६.६७ र ४९.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

गत आव यो प्रदेशको समग्र कृषि बाली उत्पादन १.२ प्रतिशत घटेको छ । अघिल्लो आव यस्तो उत्पादन ६.७ प्रतिशत बढेको थियो । समग्र कृषि उत्पादनमध्ये खाद्य, नगदे तथा अन्य बालीको हिस्सा ७७.७, तरकारी तथा बागवानी बालीको हिस्सा १४.८, फलफूलको हिस्सा ४.२, मसला बालीको हिस्सा २.८ र अन्य उत्पादनको हिस्सा ०.५ प्रतिशत छ ।

गत आव कृषि बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशत घटेको छ । अघिल्लो आव ३.३ प्रतिशत घटेको थियो । गत आव कुल खेतीयोग्य जमिनमध्ये ३६.५ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो वर्ष ३५.६ प्रतिशत थियो ।

गत आव कोशीमा दूध उत्पादन १३.२, मासु ०.२ र माछा उत्पादन १.६ प्रतिशत बढेकोमा अन्डा उत्पादन ३.२ प्रतिशत घटेको छ । २०८२/८३ मा काठ उत्पादन २ करोड ४८ लाख ४५ हजार १ सय ३ क्युबिक फिट छ, जुन अघिल्लो वर्ष सोही अवधिको तुलनामा ९.७ प्रतिशत कम हो ।

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा १.१ प्रतिशत कम भई ५५ अर्ब ६८ करोड ६० लाख कायम छ । प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रको कर्जा अंश ८.७ प्रतिशत छ ।

त्यस्तै कोशीका होटलहरूको औसत अकुपेन्सी दर ३२ प्रतिशत छ । यस्तो दर अघिल्लो वर्ष ३९.२ प्रतिशत थियो । यस प्रदेशका होटलमा वाह्य पर्यटक संख्या समीक्षा वर्षमा २१.८ प्रतिशत घटेको छ । अघिल्लो वर्ष २८.६ प्रतिशत बढेको थियो । कोशीमा गत आव वाणिज्य बैंकका शाखा ७ सय ५२, विकास बैंक १ सय ९३, वित्त कम्पनी ३५ तथा लघुवित्त वित्तीय संस्थाका ८ सय ५६ गरी बैंक तथा वित्तीय संस्थाका कुल १ हजार ८ सय ३६ शाखा पुगेका छन् ।

गत आवको तुलनामा २०८३ असार मसान्तमा कोशीमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १६.१ प्रतिशत वृद्धि भई ६ खर्ब ४१ अर्ब ९३ करोड पुगेको तथा कुल कर्जा प्रवाह ४.२ प्रतिशत वृद्धि भई ६ खर्ब ३९ अर्ब ३२ करोड पुगेको छ ।

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८ प्रतिशत, बचत निक्षेप ६२, मुद्दती निक्षेप २४.५ र अन्य निक्षेप अंश ५.५ प्रतिशत छ ।

२०८३ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३.४ प्रतिशत बढ्न गई ४ खर्ब ९ अर्ब ८१ करोड पुगेको छ । प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रको कर्जा अंश ६४.१ प्रतिशत छ ।

कोशीमा सञ्चालित विद्युत् आयोजनाको कुल उत्पादन क्षमता ९७७.२ मेगावाट छ भने २०८२/८३ मा निर्माण सम्पन्न भएका ७ जलविद्युत् आयोजनाको विद्युत उत्पादन क्षमता २०६.२ मेगावाट छ ।

२०८१/८२ मा कुल उत्पादन क्षमता ७८७.७ मेगावाट थियो । यो प्रदेशमा सञ्चालित ६४ जलविद्युत् आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत् आयोजनाको सबैभन्दा बढी ३४९.८ मेगावाट विद्युत् उत्पादन क्षमता छ ।

यस प्रदेशका जिल्लामध्ये इलाममा १८, संखुवासभा १०, सोलुखुम्बु १०, ताप्लेजुङ ९, ओखलढुंगा ५, भोजपुर र पाँचथरमा ४-४, तेह्रथुम र खोटाङमा २-२ जलविद्युत् आयोजना छन् भने झापा र मोरङमा १/१ सोलार विद्युत् आयोजना छन् ।

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

हरिवंश स्वर्गबाट पृथ्वीलोकमा !

दमक/ कात्तिक २० गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'पाँच पाण्डव' को गीत 'दाजु भाइजस्ता हुँदैनन् अरु' सार्वजनिक गरिएको हो । सत्यराज आचार्य र स्वरूपराज आचार्यको स्वर रहेको यस गीतमा अर्जुन पोखरेलको संगीत मंगलबार सार्जनिक गरिएको हो ।

डा. कृष्णहरि बरालको शब्द रहेको गीतले दाजुभाइबीचको मिलन र आत्मीयता दर्शाउँछ । जसमा दाजुभाइबीचको सम्बन्ध, आपसी विश्वास र एकताको भावलाई प्रस्तुत गरिएको छ ।

गम्भीर विष्टले कोरियोग्राफी गरेको गीतको भिडियोमा फिल्मका पाँच मुख्य कलाकार हरिवंश आचार्य, आर्यन सिग्देल, जितु नेपाल, महेश त्रिपाठी र सुशील सिटौलालाई दाजुभाइका रूपमा प्रस्तुत गरिएको छ ।

गीतको भिडियोमा युधिष्ठिरको भूमिकामा रहेका हरिवंश स्वर्गलोकबाट आफ्ना भाइहरूको खोजीमा पृथ्वीलोक आएको देखाइएको छ ।

वसन्त निरौला निर्देशित फिल्म 'पाँच पाण्डव' दाजुभाइबीचको सम्बन्धको कथा हो । काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस फिल्मका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन् । उनले यसअघि 'लाज शरणम्' निर्माण गरेका थिए । फिल्मको निर्मातामा काली रानी श्रेष्ठ छिन् ।

'पाँच पाण्डव' मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ । यो फिल्म 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन् । उनका अनुसार फिल्मले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ ।

फिल्ममा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला मुख्य 'पाँच पाण्डव' को भूमिकामा छन् । त्यसैगरी, दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरी, सीता न्यौपाने, रितेश पौडेल लगायतको पनि मुख्य भूमिका रहेको छ ।

प्रेरक भनाईहरु

- मानिसको सौभाग्य भनेको थोरै भए पनि आफ्नो योजनामा बाँच्न जुर्नु हो ।
- सत्यको अन्वेषण सर्वोत्कृष्ट आनन्द हो । म त्यसैको खोजीमा छु ।
- विवेक मात्र दुर्लभ छ । अविवेक मात्र सर्वसुलभ छ ।
- मानव मनको सबैभन्दा ठूलो समस्या के हो भनेर सोध्नेलाई म भन्छु, बोली र व्यवहारमा फरक ।
- हृदयमा प्रेम जगाइराख । प्रेम विनाको जीवन सूर्यको अनुपस्थितीमा लोलाएको फूलको वृक्ष जस्तै हुन्छ ।
- साँचो मित्रले सधै तिमीलाई अघि बढ्न मद्दत गरिरहन्छ ।
- अनुभव भनेको हाम्रा गल्तिहरूलाई दिइएको साधारण नाम हो ।
- हामी त्यँही बन्छौं जुन कुरा लगातार गर्दै रहन्छौ । त्यसैले कामले हैन, काम गर्ने बानीले हामीलाई महानताको चुचुरोमा पुर्याउछ ।
- आशा जागा अवस्थाको सपना हो ।
- शिक्षाको जरा तितो हुन्छ तर यसको फल सधै मिठो हुन्छ ।
- हाम्रा खुसीहरु हामीमै निर्भर रहेका हुन्छन् ।

तिहारलाई डेढ अर्बको ड्राइफ्रुट्स

तिहारका लागि विश्वका कुनाकुनाबाट अर्बौं रूपैयाँ बराबरको ड्राइफ्रुट्स नेपाल भित्रिने गरेको भन्सार विभागको पछिल्लो तथ्यांकले देखाउँछ । भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म ३ अर्ब रूपैयाँभन्दा बढीको ड्राइफ्रुट्स नेपाल भित्रिएको छ ।

ओखर, काजु र बदामलगायतका प्रमुख ड्राइफ्रुट्सको आयात गत वर्षको पहिलो त्रैमासको तुलनामा यस वर्ष उल्लेख्य बढेको छ । असोजमा तिहार लक्षित गरेर व्यापारीहरूले अघिल्ला दुई महिनाभन्दा कैयौँ गुणा बढी ड्राइफ्रुट्स नेपाल भित्र्याएका छन् ।

अबको साता(दस दिनमा नेपालीको दोस्रो ठूलो चाड तिहार सुरू हुन्छ । तर, तिहारको रौनक भने यतिबेला सहरदेखि गाउँसम्म छाइसकेको छ ।

झिलिमिली बत्ती, सयपत्री र मखमली फूलको सुगन्धसँगै तिहारको अर्को सबैभन्दा महत्वपूर्ण पक्ष हो, 'भाइ मसला' अर्थात् ड्राइफ्रुट्स (सुक्खा फलफूल) ।

भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी टीका लगाइदिएपछि सगुनका रूपमा काजु, बदाम, पिस्ता, ओखर, छोकडा, नरिवल, अन्जिर लगायत सुक्खा फलफूलको आकर्षक प्याकेट दिने परम्परा दसकौंदेखि चलिआएको छ । तर, यो अत्यन्तै मौलिक र सांस्कृतिक महत्त्व बोकेको परम्परा धान्न हामी पूर्णरूपमा विदेशी बजारमा निर्भर छौं । तिहारका लागि विश्वका कुनाकुनाबाट अर्बौं रूपैयाँ बराबरको ड्राइफ्रुट्स नेपाल भित्रिने गरेको भन्सार विभागको पछिल्लो तथ्यांकले देखाउँछ ।

असोजमै भित्रियो अर्बौंको ड्राइफ्रुट्स

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८३/८४ को तीन महिना साउन, भदौ र असोजको विस्तृत तथ्यांक हेर्दा तिहारका लागि बजारमा कति धेरै ड्राइफ्रुट्स खपत हुन्छ भन्ने प्रष्ट हुन्छ ।

यी तीन महिना नेपालमा डेढ अर्ब रूपैयाँभन्दा बढीको ओखर, काजु र बदाम मात्रै आयात भएको छ । यसमा सुपारी, नरिवल, अन्जिर, किसमिस लगायत अन्य सबै प्रकारका नट्स र रोस्टेड आइटम जोड्ने हो भने साउनदेखि असोजसम्मको कुल ड्राइफ्रुट्स आयात ३ अर्ब रूपैयाँभन्दा माथि रहेको तथ्यांकले देखाउँछ । गत आव २०८२/८३ को पहिलो त्रैमासको तुलनामा यस वर्ष सबैजसो प्रमुख ड्राइफ्रुट्स आयात परिमाण र रकम दुवैमा उल्लेख्य वृद्धि भएको छ ।

व्यापारीहरूले तिहार लक्षित गरेर असोज महिनामा मात्रै अघिल्ला दुई महिनाभन्दा कैयौँ गुणा बढी ड्राइफ्रुट्स नेपाल भित्र्याएका छन् ।

ओखरको माग धान्दै छिमेकी चीन र दक्षिण अमेरिकाको चिली

बोक्रासहित ओखर आयात तथ्यांक निकै उच्च छ । चालु आव तीन महिनामा १४ लाख ५१ हजार २ सय किलो ओखर नेपाल भित्रिएको छ ।

यसका लागि नेपाली आयातकर्ताले ५७ करोड ३३ लाख ३७ हजार रूपैयाँ विदेश पठाएका छन् भने सरकारले यसबाट १३ करोड ९३ लाख ६८ हजार राजस्व संकलन गरेको छ । गत वर्षको यही अवधिमा १४ लाख ३४ हजार ६ सय ६१ किलो ओखर आयात भएको थियो ।

ओखरमा चीनको एकाधिकार जस्तै देखिन्छ । गत वर्ष आयात भएको कुल बोक्रासहित ओखरमध्ये चीनबाट मात्रै १२ लाख ८२ हजार ४ सय ५१ किलो भित्रिएको थियो ।

चीनपछि नेपालमा धेरै ओखर पठाउने राष्ट्रमा दक्षिण अमेरिकी देश चिली पर्दछ । गत वर्ष चिलीबाट १ लाख ५१ हजार २ सय २५ किलो ओखर भित्रिएको थियो ।

यसबाहेक भारतबाट ९ सय १ किलो, युनाइटेड अरब इमिरेट्स (यूएई) बाट ४७ किलो, कतार २६ किलो, साउदी अरब ५ किलो र मलेसियाबाट २ किलो ओखर आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ ।

बोक्रा नभएको (गुदी) ओखर पनि चालु आव तीन महिनामा ७४ हजार ५१ किलो आयात भएको छ, जसको मूल्य ८ करोड ६ लाख रूपैयाँभन्दा बढी पर्छ । गत वर्ष १८ हजार किलो गुदी ओखर आएकोमा त्यो सबै चीनबाटै भित्रिएको थियो ।

अमेरिकाको बदाम नेपालीका घरघरमा

सुक्खा फलमा अर्को महँगो फल हो, बदाम (आल्मन्ड) । चालु आव पहिलो तीन महिनामा बोक्रा नभएको बदाम ५ लाख ६ हजार ७९ किलो भित्रिएको छ, जसको खरिद मूल्य ४७ करोड ६८ लाख १० हजार रूपैयाँ बराबर छ । गत वर्ष यही अवधिमा ४ लाख २ हजार ३ सय ६८ किलो बदाम आयात भएको थियो । नेपालमा खपत हुने बदामको सबैभन्दा ठूलो र प्रमुख हिस्सा संयुक्त राज्य अमेरिकाबाट आउने गरेको छ । गत वर्ष पहिलो त्रैमासको तथ्यांक अनुसार आयात भएको करिब ४ लाख किलो बदाममध्ये ३ लाख ९८ हजार २ सय १२ किलो बदाम अमेरिकाबाट नेपाल भित्रिएको थियो ।

अमेरिकापछि बदाम आपूर्ति गर्ने दोस्रो देश छिमेकी भारत हो, जहाँबाट २ हजार ६ सय २५ किलो आएको थियो । यसबाहेक साउदी अरबबाट ५ सय ९८ किलो, कुवेत ४ सय ७९ किलो, कतार २ सय ७२ किलो, यूएई १ सय ३० किलो, बहराइन २९ किलो, चीन ११ किलो र ओमानबाट ११ किलो बदाम आयात भएको थियो ।

अफ्रिकी राष्ट्र क्यामरूनबाट १ किलो र मलेसियाबाट २ किलोसमेत बदाम नेपाल भित्रिएको तथ्यांकले हाम्रो बजारको विश्वव्यापी सञ्जाल देखाउँछ ।

काजुको मुख्य स्रोत भियतनाम र भारत

मिठाइ र भाइ मसला दुवैमा अत्यधिक प्रयोग हुने काँचो काजु (बोक्रा नभएको) आयात पनि चालु वर्ष उच्च छ । साउनदेखि असोजसम्म ४ लाख ६९ हजार ४ सय १६ किलो काजु भित्रिएको छ, जसको मूल्य ४६ करोड ५६ लाख ७८ हजार रूपैयाँ बराबर छ ।

गत वर्ष सोही अवधिमा ४ लाख ९ हजार ९ सय १३ किलो काजु भित्रिएको थियो । काजु कहाँबाट आउँछ भन्ने गत वर्षको तथ्यांक हेर्दा सबैभन्दा धेरै दक्षिण पूर्वी एसियाली राष्ट्र भियतनामबाट आएको देखिन्छ ।

भियतनामबाट गत वर्ष पहिलो तीन महिनामा २ लाख ८ हजार ६ सय ७४ किलो काजु भित्रिएको थियो । त्यस्तै दोस्रो स्थानमा रहेको भारतबाट १ लाख ५६ हजार २१ किलो काजु आएको थियो । काजु आयात हुने तेस्रो ठूलो देश अफ्रिकी राष्ट्र कोटे डी आइभरी (आइभोरी कोस्ट) हो, जहाँबाट ३० हजार किलो भित्रिएको थियो । यसैगरी चीनबाट ९ हजार ८९ किलो र दक्षिण अमेरिकी देश भेनेजुएलाबाट ५ हजार १ सय ४८ किलो काजु आएको थियो ।

खाडी मुलुक कतारबाट ५ सय ९ किलो, यूएई १ सय ९९ किलो, कुवेत १ सय २४ किलो, साउदी अरब ९३ किलो र बहराइनबाट २४ किलो काजु नेपाल आएको भन्सारको तथ्यांक छ ।

दैनिक राशिफल

आज मिति २०८३ साल कात्तिक १३ गते शुक्रबार
30 Oct. 2026
तिथि: पञ्चमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	कार्यमा सफलता । भाईबैनीबाट सहयोग ।
वृष	इ उ ए ओ वा वि वु वे वो	खानामा उत्तम । ३ बजेदेखि आम्दानी बढ्ने ।
मिथुन	का कि कु घ ङ छ के को	सामान्य लाभ । दिउँसोबाट रोकिएका काम बन्ने ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	कुल उद्धार गर्ने दिन । राज्य पक्षको भय ।
सिंह	मा मि मु मे मो टा टि टु टे	आम्दानी बृद्धि । मान्उयजनको सहयोग ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	सरकार पक्षको सहायेग । बुबाको प्रगति ।
तुला	हि हु हे हो डा डि डु डे डो	पश्चिम, उत्तरको यात्राबाट लाभ । ससुरालीसँग विवाद ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	शिरमा सामस्या । कार्यमा रोकावट ।
धनु	य यो भा भी भ धा फा ढ	व्यापार व्यसायबाट लाभ । बोलीमा सुधार ।
मकर	भो जा जी खि खू खे खो गा गी	मावलीबाट सहयोग । पराक्रम बढ्ने ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	पढाईमा त्यति ध्यान नजाला । लेनमा सफलता ।
मीन	दि दु थ झ ञ दे दो चा ची	कारोबारमा सामान्य लाभ । दिउँसोबाट दिन राम्रो हुने ।

निःशुल्क आँखा शिविरबाट ३९२ बिरामीको चेकजाँच
२२ जनाको निःशुल्क अप्रेसन हुने

दमक नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको निःशुल्क आँखा शिविरबाट ३९२ जना बिरामीहरूले बिहीबार लाभ लिएका छन् । २५१ जना महिला र १४१ जना पूरूषको आँखा चेकजाँच गर्दा २२ जनामा मोतियाविन्दु देखिएको र उनीहरूको निःशुल्क अप्रेसन मेची आँखा अस्पतालले गर्ने भएको छ ।

मेची आँखा अस्पतालको प्राविधिक तथा चिकित्सकीय सहयोगमा दमकको वडा नं. ४ स्थित पुरानो वडा कार्यालयको भवनमा कार्यक्रम आयोजना गरिएको थियो । नगरप्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यता र उपप्रमुख रेगिना भट्टराई (प्रसाई)को विशेष आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा वडाअध्यक्षहरू, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेवीकालगायत विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

शिविरमा निःशुल्क आँखा परिक्षण, मोतियाविन्दुका बिरामीको निःशुल्क अप्रेसन र नजिक हेर्ने चश्मा र औषधी निःशुल्क उपलब्ध गराइएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ब्रजेश मेहताले बताए । उनले दमकका अब केही वडा बाहेक सबैतिर निःशुल्क रूपमा आँखाको चेकजाँच भइसकेको र ४ नम्बर वडामा बिहीबार आयोजना गरिएको बताए ।

सामाजिक विकास शाखा संयोजक शारदा भट्टराईले दमक नगरपालिकाको स्वास्थ्य शाखाले क्यालेन्डरमा निर्धारित गरेका कार्यक्रम अन्तर्गत नै निःशुल्क आँखा शिविर सञ्चालन गरिएको बताइएन । उनले वर्षमा दुई पटक दमकबासीका लागि आँखाको निःशुल्क शिविर राख्ने निर्णय भए बमोजिम नै शिविरहरू सञ्चालन हुँदै आएको बताईन ।

२, ३ नम्बर वडामा शनिबार र आइतबार शिविर सञ्चालन हुने र दशैं अगाडि तय भएको तर स्थगन गरिएको वडा नं. ८ नम्बरमा पनि चाँडै शिविर आयोजना हुने जानकारी गराईन । उनले डाक्टरको पहुँचमा नपुगेका, सूचनाको पहुँचभन्दा टाढा रहेका धेरै नागरिक भएको कारणले पनि यस्ता कार्यक्रम फलदायी बन्ने गरेको उनले बताईन ।

मेची.....*गरिसकेको छ ।*

यस क्रममा निर्माण व्यवसायीबाट पेस्कीबापतको दुई करोड ३८ लाख असुल गरिएको छ भने छ करोड ७९ लाखको कार्यसम्पादन जमानत जफत गर्न सम्बन्धित बैंकलाई पत्राचार गरिएको छ । ठेक्का सम्झौता अन्त्य गरिएको सडकखण्डको निर्माणलाई निरन्तरता दिन आवश्यक स्रोत सहमति र बहुवर्षीय ठेक्का सहमति प्राप्त गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाइने छ ।

बसको....खानतलासी गरेको थियो । सो क्रममा कोठाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा उक्त लागुऔषध फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले लागुऔषध कारोबार गरेको आरोपमा इटहरी–८ का १८ वर्षीय अभिषेक चौधरी, १८ वर्षीय युगल सुन्दास र १५ वर्षीय रोहित चौधरीलाई पक्राउ गरेको छ । बरामद लागुऔषधसहित तीनै जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय इटहरीमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला......उपभोक्ता समूह, स्थानीय समुदाय, सामाजिक संस्था, नागरिक समाज तथा सञ्चारकर्मीसँग छलफल गरी कार्ययोजनालाई थप नतिजामुखी बनाइनेछ ।

डिभिजन वन कार्यालयको तथ्यांकअनुसार झापामा पछिल्लो २० वर्षमा हात्तीको आक्रमणबाट ७० जना नेपाली तथा १० विदेशी नागरिकको मृत्यु भएको छ । सोही अवधिमा २८ वटा हात्तीको मृत्यु भएको छ । जिल्लामा वन क्षेत्र, नदी करिडोर, कृषि क्षेत्र र मानव बस्ती हात्तीको विचरण क्षेत्रसँग जोडिएकाले द्वन्द्व न्यूनीकरण चुनौतीपूर्ण बन्दै आएको छ ।

कम्युनिष्ट......बहुदलीय जनवाद' लाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दै आएको छ भने नेकपाले आफूलाई भिन्न धरातलमा उभ्याएको छ । यसरी वैचारिक धरातल फरक भएका दलहरूबीच तत्काल सैद्धान्तिक एकता सम्भव देखिँदैन ।

यद्यपि, आगामी स्थानीय तह र अन्य निर्वाचनलाई लक्षित गरेर चुनावी सहकार्यको सम्भावना भने जीवितै राखिएको दुबैपक्षको बुझाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो संगठनात्मक विस्तारलाई आक्रामक रुपमा अघि बढाइरहेको र नेपाली कांग्रेसले पनि आन्तरिक रुपमा अधिवेशनमार्फत नै संगठन सुदृढीकरणको प्रयास गरिरहेको वर्तमान सन्दर्भमा एमाले र नेकपामाथि पनि आफ्नो राजनीतिक आधार खुम्चिन नदिने ठूलो दबाब छ । यही राजनीतिक दबाब र आवश्यकताले गर्दा उनीहरूबीच निर्वाचनमा सिट तालमेल वा कार्यगत एकता गर्ने विषयमा अनौपचारिक तहमा समझदारी बन्दै गएको बुझिन्छ । तर, सहकार्यको स्पष्ट स्वरूप, साझा एजेन्डा, नेतृत्वको व्यवस्थापन र निर्वाचनमा अपनाइने रणनीतिबारे ठोस सहमतिको विन्दु देखिँदैन । जसका कारण राजनीतिक वृत्तमा 'ओली र प्रचण्ड तत्कालका लागि सत्ता वा स्वार्थका लागि मिल्न सक्लान्, तर दीर्घकालीन रूपमा जुट्न सक्दैनन्' भन्ने भाष्य बलियो रूपमा स्थापित हुँदै गएको छ ।

समग्रमा भन्नुपर्दा, वर्तमान नेपाली राजनीतिमा एमाले र नेकपाबीच देखिएको निकटता कुनै वैचारिक पुनर्मिलन वा दीर्घकालीन क्रान्तिकारी दृष्टिकोणको उपज नभई तत्कालीन राजनीतिक आवश्यकता, सत्ताको मोह र शक्ति क्षयीकरणबाट जोगिने रणनीतिक तिकडम मात्रै हो । विगतका गल्ती र अविश्वासको भारी बोकेर गरिएको यस्तो सहकार्यले मुलुकलाई स्थायित्व दिन सक्ने देखिँदैन ।

कोशीमा.....रूपैयाँ र वित्तीय व्यवस्थातर्फ १५ करोड रूपैयाँ छुट्ट्याइएको थियो, तर असोज मसान्तसम्म आइपुग्दा प्रदेश सरकारको ढुकुटीबाट जम्मा ३ अर्ब ९४ करोड ५ लाख ४६ हजार रूपैयाँमात्रै निकासा तथा खर्च भएको छ ।

प्रदेश सरकारले विनियोजन गरेको बजेटमध्ये चालु खर्चको तुलनामा विकास खर्च निकै पछाडि परेको छ । पहिलो तीन महिनामा चालुतर्फ २ अर्ब ९८ करोड १९ लाख ९० हजार रूपैयाँ खर्च भएको छ, जुन कुल चालु बजेटको १५ दशमलव २६ प्रतिशत हो ।

यसको ठिक विपरीत २० अर्ब ७५ करोडभन्दा बढीको विकास बजेटमध्ये असोज मसान्तसम्ममा जम्मा ९५ करोड ८५ लाख ५५ हजार रूपैयाँमात्र खर्च हुन सकेको छ । यो कुल पुँजीगत बजेटको ४ दशमलव ६१ प्रतिशतमात्र हो ।

सबैभन्दा धेरै विकास बजेट पाएका मन्त्रालयहरु नै खर्च गर्नमा सबैभन्दा कमजोर देखिएका छन् । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई चालु आर्थिक वर्षका लागि ११ अर्ब ८२ करोड ९६ लाख रूपैयाँ पुँजीगत बजेट छुट्ट्याइएकोमा तीन महिनामा जम्मा ६२ करोड ३५ लाख ५५ हजार रूपैयाँमात्रै खर्च भएको छ । चालुसहित जोड्दा उक्त मन्त्रालयको कुल खर्च ७२ करोड ९ लाख रूपैयाँ पुगेको छ ।

यस्तै ५ अर्ब ४३ करोड रूपैयाँभन्दा बढी पुँजीगत बजेट रहेको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयले पनि असोजसम्ममा जम्मा २५ करोड २ लाख १० हजार रूपैयाँमात्र विकास बजेट खर्च गर्न सकेको छ । अन्य मन्त्रालयले पनि विनियोजित विकास बजेट अनुसार कामलाई गति दिन सकेका छैनन् ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने सुनिता मगरको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-५/ज मा भएको कि.नं. २५११ ज.वि. ०-०-१०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फ सँधियार सीता गौतम र योगेश गौतम उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

खेलकुद

दूधेमा दुई हजार दर्शक क्षमताको अस्थायी प्यारापिट जडान

दुधे/ शिवसताक्षीस्थित दूधे रंगशालामा हुने दोस्रो संस्करणको झापा महिला गोल्डकपलाई दृष्टिगत गरी दुई हजार दर्शक क्षमताको आधुनिक अस्थायी प्यारापिट जडान गरिएको छ । मैदानको पूर्वतर्फ जडान गरिएको सो प्यारापिट दुई हजार दर्शक क्षमताको रहेको गोल्डकपका अध्यक्ष सन्तोष थोप्राले जानकारी दिए ।

आगामी मंसिर ५ गतेदेखि सुरू हुने प्रतियोगितालाई लक्षित गरी निर्माण गरिएको प्यारापिट ग्याल्भनाइज्ड स्टिलका पाइप, रिङलक प्रणाली र प्लेटफर्म प्रयोग गरी तयार पारिएको उनले बताए ।

प्रतियोगिता सम्पन्न भएपछि फुकालेर अन्यत्र लैजान सकिने भएकाले यस्तो संरचना ठूला खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम तथा कन्सर्टका लागि उपयोगी हुनेछ । प्यारापिटको इन्जिनियरिङ डिजाइन, भार परीक्षण, रेलिङ, भऱ्याङ, आपत्कालीन निकास तथा सुरक्षा प्रमाणीकरणको व्यवस्था गरिएको छ ।

दूधे रंगशालाको पश्चिमतर्फ स्थायी प्यारापिट छ भने पूर्वतर्फ रिङलक प्रविधिको अस्थायी प्यारापिट निर्माण गरिएको छ । उत्तर र दक्षिणतर्फ बाँसका अस्थायी प्यारापिट निर्माण गर्ने तयारी छ । प्रतियोगिताका लागि रङ्शालाको दर्शक क्षमता विस्तारसँगै दर्शक व्यवस्थापनलाई पनि प्राथमिकतामा राखिएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेतालाई रू ११ लाख पुरस्कार प्रदान गरिने छ भने उपविजेताले पाँच लाख ५० हजार प्राप्त गर्ने छ । प्रतियोगितामा नेपाल, भारत, भुटानसहित ८ टिम सहभागी हुनेछ। प्रतियोगिताको फाइनल खेल आगामी मङ्सिर १२ गते हुने सचिवालय प्रमुख हिमाल खरेलले बताए ।

तीन महिनामा ८ अर्ब ४३ करोड आम्दानी

दमक/ तीन महिनामा कोशी प्रदेशले कुल ८ अर्ब ४४ करोड १५ लाख ५७ हजार रूपैयाँ आम्दानी गरेको छ । यसमध्ये साउन र भदौ महिनामा १ अर्ब ८२ करोड २९ लाख रूपैयाँ संकलन भएको थियो भने असोज महिनामा मात्रै ६ अर्ब ६१ करोड ८५ लाख रूपैयाँ आम्दानी थपिएको हो । प्रदेशको आम्दानीमा संघीय सरकारबाट प्राप्त विभिन्न अनुदान र राजस्व बाँडफाँटको हिस्सा प्रमुख छ । प्रदेश सरकारले संघबाट वित्तीय समानीकरण अनुदानबापत २ अर्ब २७ करोड ९६ लाख ५० हजार रूपैयाँ प्राप्त गरेको छ ।

त्यस्तै सशर्त अनुदानतर्फ पुँजीगत शीर्षकमा १ अर्ब ७ करोड ४३ लाख र चालुतर्फ ७१ करोड ४९ लाख रूपैयाँ प्राप्त भएको छ । समपूरक अनुदानतर्फ २७ करोड ८५ लाख र विशेष पुँजीगत अनुदानतर्फ १२ करोड रूपैयाँ प्रदेशलाई निकासा भएको छ ।

यसैगरी कर तथा राजस्व बाँडफाँटमार्फत मूल्य अभिवृद्धि करबाट १ अर्ब ५९ करोड ४३ लाख रूपैयाँ र अन्तःशुल्कबाट ५३ करोड ७५ लाख रूपैयाँ प्रदेशको खातामा जम्मा भएको छ। प्रदेशको आफ्नै राजस्व स्रोततर्फ सवारी साधन करबाट ७१ करोड ७७ लाख रूपैयाँ, सवारी बाँडफाँटबाट थप २५ करोड ६० लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट ३२ करोड ६४ लाख रूपैयाँ, सवारी चालक अनुमतिपत्र तथा दर्ता किताब दस्तुरबाट २५ करोड ६८ लाख रूपैयाँ र वन क्षेत्रको रोयल्टीबापत ३ करोड ४१ लाख रूपैयाँ आम्दानी भएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

प्रकाशित मिति: २०८३/०७/१३

दमक नगरपालिकाबाट मिति २०८३-०६-०८ मा प्रकाशित सूचना बमोजिम तपशिल बमोजिमको कार्यका लागि पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज को (५) बमोजिम मूल्यांकन प्रयोजनार्थ आर्थिक प्रस्ताव खोल्नका लागि सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं. तथा कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान	कै.
1	DMO/JHAPA/NCB/BUILDING/03/083-84 Upgradation of School Building and Infrastructures (14 Schools), Damak	१. Shivashakti Engineering and Construction Pvt Ltd., Lalitpur २. Pushkar -NP JV, Jhapa ३. Mahalaxmi Mata Construction company Pvt. Ltd., Kankai ४. Alex-Mainali JV, Kankai, Jhapa ५. OM - Ujjwal JV, Damak, Jhapa ६. AGNI AND SONS NIRMAN SEWA PVT. LTD., JHAPA	मिति: २०८३/०७/२० समय: २:०० बजे स्थान:दमक नगरपालिका, झापा	

प्रमुख प्रशासकीय अधिकृत

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com